# मेलमिलाप दिवस २०७५ को उपलक्ष्यमा सम्मान कार्यक्रम सम्पन्न

मेलमिलापसम्बन्धी ऐन, २०६८ तथा नियमावली २०७० लागु भएको दिनको सम्झनामा हरेक बर्षको वैशाख १ गतेलाई मेलमिलाप दिवस मनाउदै आएको परिपेक्षमा यस बर्ष मेलमिलापको क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने विभिन्न व्यक्ति तथा संस्थाहरूलाई सम्मान गरी मेलमिलाप दिवस भव्यताका साथ मनाइयो।

सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश एवम् मेलमिलाप परिद्का अध्यक्ष श्री दीपकराज जोशीज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आर्थिक वर्ष २०७४/७५ मा सबैभन्दा बढी मुद्दाहरू मेलमिलापको छलफलका लागि मेलमिलाप केन्द्रमा पठाउनुहुने जिल्ला अदालत धनकुटामा कार्यरत माननीय जिल्ला न्यायाधी श्री विनोद कुमार पोखरेल, चितवन जिल्ला अदालतको मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलापको प्रक्रियाबाट सबै भन्दा बढी विवादमा मेलमिलाप गराउन सफल मेलमिलापकर्ताको रूपमा श्री दिवाकर भट्टराईज्यू र मेलमिलापसम्बन्धी ऐन, २०६८ को दफा २३ र २७ (ग) बमोजिम मेलमिलाप परिषद्मा आवद्ध भई यस आर्थिक बर्ष २०७४/७५ मा मेलमिलापको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्थाको रूपमा श्री प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपाल लाई सम्मान गरिएको थियो ।सर्वोच्च अदातका माननीय न्यायधीशहरु, सर्वोच्च अदालतका पूर्व न्यायाधीश एवम् मेलमिलाप परिषद्का पूर्व अध्यक्षहरू, मेलमिलाप परिषद्का पदाधिकारीहरू, सर्वोच्च अदालतमा कार्यरत वरिष्ठ अधिकृतहरू, मेलमिलापका क्षेत्रमा क्रियाशिल विभिन्न व्यक्ति तथा संघ संस्थाहरूका प्रतिनिधिहरू समेतको सहभागिता रहेको उक्त कार्यक्रममा मेलमिलाप परिषद्का सदस्य एवम् नेपाल बार एशोसियसनका महासचिव श्री खम्म बहादुर खातीज्यूले स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । त्यसै गरी सर्वोच्च अदालतका रजिस्ट्रार एवम् मेलमिलाप परिषद्का सदस्य सचिव श्री महेन्द्रनाथ उपाध्याय, मेलमिलाप परिषद्का पूर्व अध्क्षयहरू श्री गिरीश चन्द्र लाल र श्री वैद्यनाथ उपाध्याय, सर्वोच्च अदालतका माननीय न्यायधीश डा. आनन्दमोहन भट्टराईज्यूले आ-आफ्नो भनाई तथा मेलमिलाप दिवसको शुभकामना व्यक्त गर्नुभएको थियो ।

सम्ममान कार्यक्रमको अन्यमा सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश एवम् मेलमिलाप परिद्का अध्यक्ष श्री दीपकराज जोशीज्यूले मेलमिलाप परिषद्को स्थापना पश्चात मेलमिलाप पद्धतिकोप्रवर्द्धनमा सहकार्य गर्दै आइरहेका नेपाल सरकार,मेलमिलापकर्ता ,स्थानीय निकायहरू ,सर्वोच्च अदालत ,मेलमिलापको क्षेत्रमा क्रियाशील संघसंस्थाहरू,नागरिक समाजपत्रकार एवम् शुभेच्छुक सम्पूर्णसरोकारवाला ,हरूलाई धन्यवाद एवम् शुभकामना दिदै जनतालाई न्याय प्राप्तिको अनुभूति दिलाउने मेलमिलापको पवित्र उद्देश्यतर्फ आगामी दिनमा समेत प्रयत्नशील रहनेछौं भन्ने आशा एवम् विश्वासका साथमेलमिलाप दिवस एवम् नववर्ष २०७५ को सुखद अवसरमा सम्वद्ध सबै सरोकारवालाहरूमा हार्दिक एवम् मङ्गलमय शुभकामना समेत व्यक्त गदै उक्त कार्यक्रम सम्पन्न भएको थियो।